हिमा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कालिकाखेत, जुम्ला

कर्णाली प्रदेश, नेपाल

प.स.०८२/०८३

च.नं. ६२२

मितिः २०८२/१०/२८

श्री वडा कार्यालय सबै।
हिमा गाउँपालिका जुम्ला ।

**विषयः-बेरोजगार ब्यक्ति सूचिकरण हुने सम्वन्धि सूचना ।**

प्रस्तुत विषयमा रोजगारीको हक सम्वन्धि ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्वन्धि नियमावली २०७५ को नियम ७, प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिकाको २०७७ को दफा १८ समेतको आधारमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको माननीय मन्त्रिपरिषदको निर्णयानुसार आ.व. ०८३/०८४ का लागि रोजगार सेवा केन्द्रमा न्यूनतम १०० दिनको रोजगारीमा संलग्न हुन चाहने १८ बर्ष देखि ५९ वर्ष उमेर समूहका बेरोजगार ब्यक्तिहरुले सम्वन्धित स्थानीय तहमा निवेदन दिन सक्ने समयावधि तथा तत्सम्वन्धि अन्य जानकारी तपशिल बमोजिम कायम गरिएको हुदा तोकिएको समय भित्र आफ्नो वडा कार्यालयमा गई रितपूर्वक फारम भर्न हुन सम्वन्धित सवैमा सूचित गरिन्छ ।

तपशिल :

- निवेदन पेश गर्नुपर्ने समयावधि २०८२ फाल्गुन १ गते देखि चैत्र मसान्त सम्म सम्वन्धित वडा कार्यालयमा गएर फारम भर्ने ।

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु</u>

- निवेदन साथ परिवारका सम्पूर्ण सदस्यको विवरण/ परिवार संख्या, ना.प्र.न. जन्म मिति, जारी मिति र शैक्षिक योग्यता ।
- निवेदकको नागरिकताको फोटोकपी १ थान अनिवार्य ।
- निवेदक बैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्विकृत लिई रोजगारीमा जान नपाएको ब्यक्ति भए सो ब्यहोरा खुल्ने कागजात थान १ ।
- अपाङ्गता भएको भए अपाङ्गता परिचयपत्रको प्रतिलिपी थान १ ।

- परिवारको सम्पूर्ण सदस्यको नाम, जन्ममिति, निवेदक सँगको नाता वार्षिक आम्दानी अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।
- फाराम सम्वन्धित वडा कार्यालयमा वा प्रधानमन्त्री रोगजार कार्यक्रमको वेवसाईट वा रोजगार सेवा केन्द्रमा उपलब्ध हुनेछ ।
- यस अघि फारम भरी रोजगार ब्यवस्थापन सूचना प्रणालीमा सूचिकृत बेरोजगार ब्यक्तिहरुले सम्वन्धित स्थानिय तहमा नविकरण गर्नु पर्नेछ ।

(पूर्ण बहादुर शाही)
रोजगार संयोजक

(रतन बहादुर रावत)
नि. प्रमुख प्रशासकिय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

11/02/2026 13:53